नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
गुणस्तर तथा वैदेशिक सहयोग महाशाखा
निर्माण व्यवसाय प्रवर्द्धन शाखा

Website: www.cbps.gov.np
Email:cbps2071@gmail.com
फोन नं. ४२१५७७२
फ्याक्स नं. ४२५१३५५
बबरमहल, काठमाडौं ।

पत्र संख्या ६.२/०७४/०७५

च.नं. ४८

मिति:२०७४/०५/०९

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषयः– **"घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र सम्वन्धमा ।**

प्रस्तुत विषयमा निर्माण व्यवसाय ऐन,२०५५ तथा निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम निर्माण व्यवसाय ईजाजत पत्र जारी गर्ने जिम्मेवारी यस मन्त्रालयको रहेको सोही ऐनको दफा २५ तथा नियमावलीको नियम २० वमोजिम **"घ"** वर्गको निर्माण व्यवसाय ईजाजत पत्र नयाँ दर्ता तथा नविकरण गर्ने अधिकार मिति २०६६/१२/२६ को निर्णयले पाँच (५) वर्षको लागि जिल्ला विकास समितिलाई प्रत्यायोजन गरिएको र तत्पश्चात २०७१/०८/१८ को निर्णयले पुनः पाँच (५) वर्षको लागि त्यस्तो अधिकार प्रत्यायोजन भएको अवस्थामा जिल्ला विकास समिति जिल्ला समन्वय समितिमा रूपान्तरण भएकाले निर्माण व्यवसाय विकास परिषद्को मिति २०७४/०५/०९ को निर्देशन समेतका आधारमा उल्लेखित जिल्ला विकास समितिलाई प्रत्यायोजन गरिएको अधिकार अर्को व्यवस्था नभएसम्म अन्तरिम व्यवस्थापनको रूपमा आर्थिक वर्ष २०७४/०७५ सम्म जिल्ला समन्वय समितिहरूलाई प्रत्यायोजन गर्ने नेपाल सरकार (सचिवस्तर) वाट २०७४/०५/०९ मा निर्णय भएकोले सवै जिल्ला समन्वय समितिहरूलाई पत्राचार गरी सो को जानकारी दिनुहुन अनुरोध छ ।

पुनश्चः– निर्माण व्यवसाय ईजाजत पत्र दर्ता तथा नवीकरण गर्दा लाग्ने राजश्व दस्तुरको सम्वन्धमा निर्माण व्यवसाय ऐन,२०५५ तथा नियमावली,२०५६ मा स्पष्ट व्यवस्था भएकोले ऐन, कानून वमोजिमनै राजश्व असूल उपर गर्नु पर्ने गरी जिल्ला समन्वय समितिहरूको ध्यानाकर्षण गराईदिनुहुन समेत अनुरोध छ ।

निर्माण कुमार कार्की
(उपसचिव)

d:\office document\office latters.doc